नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक ब्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१


पत्र संख्या :- ०७३/०७४
चलानी नं.: ३९९९

मिति : २०७४।२।२९

विषय : कार्यस्थल नछाड्ने सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ७५ (सवै)
श्री महानगर/उपमहानगर/नगर/ गाउँ कार्यपालिकाको कार्यालय, ७४४ (सवै)
श्री जिल्ला प्राविधिक कार्यालय, ७५ (सवै)

प्रस्तुत विषयमा जिल्लामा कार्यरत कार्यकारी अधिकृतहरु मन्त्रालयको पूर्व स्वीकृति विना तथा जिल्लाका मूख्य निर्वाचन अधिकृत, स्थानीय विकास अधिकारी र निर्वाचित स्थानीय तहका प्रमुख/अध्यक्षहरु समेतलाई जानकारी नै नगराई आफू कार्यरत कार्यस्थलमा अनुपस्थित रहेको भन्ने जानकारी प्राप्त हुन आएको हुदाँ निम्न बमोजिम गर्न गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।२।२९ को निर्णयानुसार अनुरोध छ ।

१. सरकारी कामकाजको सिलसिलामा जिल्ला बाहिर जानु भन्दा अगावै कार्यरत कार्यालयको काममा बाधा नपर्ने ब्यवस्था मिलाएर मात्र मूख्य निर्वाचन अधिकृत र स्थानीय विकास अधिकारीसंग समन्वय गरी मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र जिल्ला छाड्ने ।
२. निर्वाचन सम्पन्न भएका जिल्लाका कार्यकारी अधिकृतहरुले सम्वन्धित नगरपालिकाका प्रमुख र गाउँपालिकाका अध्यक्षको स्वीकृति लिई स्थानीय विकास अधिकारी समेतसंग समन्वय गरी मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र जिल्ला छाड्ने ।
३. स्थानीय विकास अधिकारी पनि जिल्ला बाहिर जानु पर्दा बुदा नं १ को व्यवस्था बमोजिम र मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र जिल्ला छाड्ने ।
४. जिल्ला प्राविधिक कार्यालयका प्रमुख जिल्ला ईन्जिनियर जिल्ला बाहिर जादा कार्यालयको काममा वाधा नपर्ने ब्यवस्था मिलाएर स्थानीय विकास अधिकारीको स्विकृति लिई स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागसंग समन्वय गरी मात्र जिल्ला छाड्ने ।
५. बुदा नं १,२ बमोजिम गर्न गराउन सबै स्थानीय विकास अधिकारीले आफ्नो जिल्ला भित्रका सबै कार्यकारी अधिकृतहरुलाई जानकारी गराई कार्यान्वयन गर्ने ।
६. मन्त्रालयले स्वीकृति दिएको अवधि पश्चात तुरुन्त कार्यरत कार्यालयमा उपस्थित हुने ।
७. यस परिपत्र वमोजिम पूर्व स्वीकृति विना तोकिएको कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरीने ।

बोधार्थ

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, श्रीमहल पूल्चोक ।
श्री सूचना तथा विधुतिय शासन शाखा : *Website* मा राखि दिनु हुन ।

(भरत कुमार शर्मा)
उपसचिव